# कर्णाली प्रदेश सरकार मन्त्रिपरिषदका सम्वत् २०७५ साल साउनदेखि मंसिरसम्मका निर्णयहरुः

**सम्वत् २०७५ साल भाद्र ३० गते शनिबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ दोस्रो संशोधन गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा कर्णाली उज्यालो कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा एकिकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा राजपत्र छपाई गर्ने।

५. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा हुम्लाको हिल्सामा एकिकृत भवन निर्माण गर्न सहमति प्रदान गर्ने।

६. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा द्वन्द्व पीडित राहत वितरण कार्यविधि, २०७५ लाई स्वीकृति प्रदान गर्ने।

७. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा जिल्ला/इलाका प्रहरी कार्यालय र प्रहरी चौकी समेतका १२ वटा भवन निर्माण गर्न स्वीकृति प्रदान गर्ने।

८. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा सवारी साधन खरिद गर्ने स्वीकृत दिने ।

९. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा संघ तथा प्रदेशको वजेट हस्तान्तरण वा अख्तियारी प्रदान गर्ने ।

१०. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ संशोधन गर्ने।

११. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश योजना आयोगका लागि प्रशासनिक/बजेटरी खर्च अख्तियारी प्रदान गर्ने।

१२. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश योजना आयोग सञ्चालन सम्बन्धि प्रशासकीय कार्यविधि, २०७५ स्वीकृत गर्ने।

१३. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा नेपाल सरकार, समपूरक अनुदान को लागि योजना छनौट गरी पठाउने।

१४. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा नेपाल सरकार, विशेष अनुदानको लागि योजना छनौट गरी पठाउने।

१५. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश सार्वजनिक खरिद सम्बन्धी निर्देशिका, २०७५ स्वीकृति गर्ने ।

१६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्तावमा भूमिहिन सुकुम्बासी समस्या समाधान सुझाव आयोग (गठन) आदेश, २०७५ स्वीकृत गर्ने।

१७. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्तावमा मन्त्रालय र निर्देशनालय रहेको जिल्लामा जिल्ला सम्पर्क केन्द्र स्थापना नगरी मन्त्रालय र निर्देशनालयबाट कार्य सञ्चालन गर्ने।

१८. भौतिक पुर्वाधार विकास मन्त्रालयको प्रस्तावमा जमुनाह-सुर्खेत-हिल्सा सडक आयोजनाको सम्भाब्यता अध्ययनको लागि १३ र १४ नोभेम्बर २०१८ मा नेपाली सेनाको एम.आई.१७ हेलिकप्टरबाट Chaina Railway Eryuan Engineering को प्राविधिक जनशक्ति सहित प्रदेश सरकार पदाधिकारीहरूको टिम काठमाण्डौ-सुर्खेत-सिमिकोट-हिल्सा-सिमिकोट-रारा-सुर्खेत-काठमाण्डौ सम्म उडान गरेको हवाई भाडा बिल भुक्तानी गर्न स्वीकृति दिने ।

१९. कर्णाली प्रदेश सरकारका मन्त्रालयहरू, मातहतका कार्यालयहरू तथा आवास समेतको प्रयोजनार्थ घर जग्गा प्राप्ति तथा ब्यवस्थापन गर्नको लागि कार्यारम्भ गरेको १५ दिन भित्र प्रतिवेदन पेश गर्ने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव (प्रशासन) को संयोजकत्वमा देहायबमोजिमको उच्चस्तरिय कार्यदल गठन गर्नेः

- सचिव(प्रशासन), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - संयोजक
- सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य
- सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य
- उपसचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य
- उपसचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य
- अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, सुर्खेत - सदस्य
- कार्यालय प्रमुख, भवन तथा शहरी विकास डिभिजन कार्यालय,सुर्खेत - सदस्य सचिव

२०. संघीय सरकारको स्वामित्व वा भोगचलनमा रहेको कर्णाली प्रदेश अन्तर्गतका साविक क्षेत्रीय र जिल्लास्तरीय लगायतका सरकारी कार्यालयहरूको भवन र जग्गा कर्णाली प्रदेश सरकारलाई हस्तान्तरण गरी दिनका लागि नेपाल सरकार समक्ष अनुराध गर्ने।

**सम्वत् २०७५ साल मंसिर ०४ गते मंगलबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. आर्थिक मामिला तथा योजना मन्त्रालयको कर्णाली प्रदेश योजना आयोगका पदाधिकारी नियुक्ति गर्ने।

२. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश सरकार अन्तरगत संचालन हुने अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७५ स्वीकृत गर्ने।

३. कर्णाली प्रदेश सरकारले संघीय राजधानी काठमाण्डौबाट समेत विभिन्न कार्यहरू सम्पादन गर्नुपर्ने हुँदा काठमाण्डौमा कर्णाली प्रदेश सरकारको सम्पर्क कार्यालय (कर्णाली हाउस) खोल्ने।

**सम्वत् २०७५ साल मंसिर ०३ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश कानून आयोग गठन सम्बन्धी आदेश, २०७५ स्वीकृत गर्ने।

२. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ स्वीकृत गर्ने।

३. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्तावमा स्वीकृत दरवन्दि बमोजिमको जनशक्ति पूर्ती गर्ने।
४. सम्मानिनय उपराष्ट्रपतिज्यूलाई निमन्त्रणा गर्ने।
५. भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रस्तावमा मन्त्रालय अन्तरगत स्वीकृत रिक्त दरबन्दीमा करार सेवामा कर्मचारी भर्ना गर्ने।
६. जुम्ला जिल्लाको तातोपानी र गुठिचौर गाँउपालिकाको केन्द्र सार्ने सम्बन्धी विवाद राजनैतिक समितिबाट पेश भएबमोजिम गर्ने।

## सम्वत् २०७५ साल कार्त्तिक १५ गते बिहिबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने।
२. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने।
३. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश भ्रमण खर्च नियमावली, २०७५ स्वीकृत गर्ने।
४. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ स्वीकृत गर्न।
५. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश सभाको चालु अधिवेशन मिति २०७५/०७/१८ गते रातको १२:०० बजेदेखि अन्त्य गर्ने।

## २०७५ साल आश्विन २८ गते आईतबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. कोहलपुरदेखि कर्णाली प्रदेश राजधानी सुर्खेत हुँदै उत्तरी नाका हुम्लाको हिल्सा जोड्ने कोहलपुर-सुर्खेत-हिल्सा सडक निर्माण तथा स्तरोन्नतिको लागि China Railway Eryuan Engineering Company (CREEC) मार्फत संभाव्यत्ता अध्ययन गर्ने, विस्तृत परीयोजना प्रतिवेदन तयारी गर्ने र उक्त सडकको निर्माण कार्य गर्न जिम्मेवारी दिने गरी प्रक्रिया अगाडि बढाउन नेपाल सरकार तथा नेपाल सरकार अर्थ मन्त्रालय समक्ष सिफारिस गर्ने।
२. यसै साथ संलग्न The People's Government of Guangzhou Municipality को आयोजनामा Baiyun International Convention Center, Guangzhou, China मा संचालन हुने Theme Forum of 2018 Guangdong 2[1st] Century Maritime Silk Road International Expo (2[4th] to 2[6th] October, 2018) कार्यक्रममा सहभागी हुनका लागि माननीय मन्त्री विमला के.सी.ज्यूको ६(छ) दिनको वैदेशिक भ्रमण स्वीकृतिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने।

## सम्वत् २०७५ साल भाद्र ३० गते शनिबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. सुर्खेत जिल्लाको सिम्ता गाँउपालिकाको केन्द्र विवाद सम्बन्धी विषय नेपाल सरकार समक्ष सिफारिस गरी पठाउने।
२. जुम्ला जिल्लाको हिमा गाँउपालिकाको केन्द्र विवाद प्रदेश मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी प्रदेश मन्त्रिपरिषदमा पेश गर्ने।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा प्रदेश सार्वजनिक सेवा प्रसारण विधेयक, २०७५ तर्जुमा गर्ने।

४. सामाजिक विकास मन्त्रालयको प्रस्तावित संगठन संरचना र दरबन्दी स्वीकृत भई नआउदासम्म देहायबमोजिमको व्यबस्था गरी कार्यसंचालन गर्ने।

- जुम्ला, हुम्ला, मुगु, डोल्पा, सल्यान र सुर्खेत जिल्लामा स्थापना हुने स्वास्थ्य कार्यालयहरूमा अनुसूची क अनुसार शिक्षा शाखा र सामाजिक सेवा शाखा थप गरी कार्यसंचालन गर्ने ।
- कालिकोट, जाजरकोट, दैलेख र रूकुम जिल्लामा संलग्न अनुसूची ख अनुसार सामाजिक विकास कार्यालयमा अस्थायी रूपमा कर्मचारीहरू खटाई कार्य संचालन गर्ने ।
- क्षेत्रीय अस्पताल सुर्खेतलाई प्रदेश अस्पताल सुर्खेत, भेरी अञ्चल आयुर्वेद औषधालय, सुर्खेतलाई सुर्खेत आयुर्वेद औषधालय, सुर्खेत र कर्णाली अञ्चल आयुर्वेद औषधालय जुम्लालाई जुम्ला आयुर्वेद औषधालय, जुम्ला नामाकरण गर्ने र ती निकायहरूले प्रयोग गर्ने लेटर प्याड र छाप संलग्न अनुसुची ग अनुसार स्वीकृत गर्ने ।

६. क्षेत्रीय अस्पताल सुर्खेतलाई स्तरोन्नती गरी प्रादेशिक शिक्षण अस्पतालको रुपमा विकास गर्नको साथै प्रदेशको समग्र स्वास्थ्य सेवा सुधारको लागि सल्लाह, सुझाव र परामर्श उपलब्ध गराउन मन्त्रालयले तोकेको कार्य विबरण अनुसार कार्य गर्न देहाय अनुसारको परामर्श समिति गठन गर्ने।

**कर्णाली प्रदेश स्वास्थ्य परामर्श समिति**

| | | |
|---|---|---|
| १. | डा. भगवान कोइराला | संयोजक |
| २. | डा. अर्जुन कार्की | सदस्य |
| ३. | डा. सेनेन्द्रराज उप्रेति | सदस्य |
| ४. | डा. सुरेश तिवारी | सदस्य |
| ५. | डा. डम्वर खड्का | सदस्य |
| ६. | डा. मंगल रावल | सदस्य |
| ७. | डा. तीर्थ थापा | सदस्य |

७. प्रदेशमा खटिइ आउन बाँकी र खटाउन बाँकी जनशक्तिलाई तत्काल खटाई पठाइदिन साथै थप जनशक्तिको खटन नहुँदासम्मको अवधिको लागि विकास निर्माणका कार्यलाई सुचारु गर्न आवश्यक पर्ने प्राविधिक जनशक्ति सेवा करारमा लिइ कार्य सञ्चालन गर्ने गराउने स्वीकृतिका लागि नेपाल सरकार समक्ष लेखि पठाउने।

८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ बमोजिम प्रदेश समन्वय परिषद्को वैठक यही असोज १९ र २० गते गर्ने गरी मिति तय गर्ने र सो परिषदमा प्रस्तुत गर्ने।

## सम्वत् २०७५ साल भाद्र २० गते बुधबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. The People's Government of Sichuan Province, China को आयोजनामा 20- 24 september 2018 सम्म Louvre Garden, Jinjiang Hotel, Chengdu, Sichuan Province, China मा सम्पन्न हुने The 17th Western China International Fair मा सहभागी हुनको लागि कर्णाली प्रदेशका मुख्यमन्त्री माननीय महेन्द्र बहादुर शाही र आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वालाको ९ दिन (September 18-26 सम्म) को वैदेशिक भ्रमण स्वीकृतिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने।

**सम्वत् २०७५ साल भाद्र १८ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. Korea International Cooperation Agency बाट कर्णाली प्रदेशमा सुविधा सम्पन्न वहुप्राविधिक शिक्षालय स्थापना गर्न तथा केही महत्वपूर्ण योजना (विद्युत, सडक, खानेपानी, शिक्षालय भवन जस्ता भौतिक पूर्वाधार) सञ्चालनका लागि सहायता प्राप्त गर्न आवश्यक सहयोग र समन्वय गरी अनुमति प्राप्त गर्न नेपाल सरकार अर्थ मन्त्रालयमा अनुरोध गर्ने।

२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्तावमा यसै साथ संलग्न प्रस्तावित संगठन संरचना र दरबन्दी स्वीकृतीका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गर्ने।

३. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्तावमा तत्कालिन संरचना स्वीकृत गरी बार्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति दिने।

४. वीरेन्द्रनगर नगरपालिकाका वडा नं. १२ सुर्खेत निवासी डा. सुरेश कुमार तिवारीलाई अवैतनिक अन्तराष्ट्रिय समन्वय तथा विकास सल्लाहकारमा नियुक्त गर्ने।

**सम्वत् २०७५ साल भाद्र १६ गते शनिबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. कर्णाली प्रदेश सरकारलाई अनुसन्धान र विकास सम्बन्धमा सल्लाह सुझाव उपलब्ध गराउन देहाय अनुसार बिज्ञ समूह गठन गर्ने ।

**बिज्ञ समूहका सदस्यहरुः**

१. मा.जनार्दन शर्मा
२. श्री बालानन्द पौडेल
३. डा. सुरेश तिवारी
४. डा. पुन्य रेग्मी
५. डा. कृष्ण प्रसाद पौडेल
६. डा. कुसेन्द्र महत
७. डा. पदम शाही
८. श्री सुरेन्द्र विक्रम शाह
९. श्री मुक्ति प्रधान
१०. श्री गोबिन्द बन्दी
११. श्री सुरेन्द्र उप्रेती

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश मुद्रण सम्बन्धी बिधेयक, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा प्रदेश विपद् व्यबस्थापन कोष सञ्चालन निर्देशिका, २०७५ लाई स्वीकृति प्रदान गर्ने।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन्, क्रसिङ्ग बिक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई ब्यवस्थित गर्ने कार्यविधि, २०७५ स्वीकृत गर्ने।

५. भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगत रहने निर्देशनालय, डिभिजन/सव डिभिजन कार्यालयहरू उल्लेख भए बमोजिमको स्थानहरूमा उल्लेखित कार्यालयहर रहने स्थान तथा ती निकायहरूले प्रयोग गर्ने लेटरप्याड र छाप सम्बन्धमा स्वीकृत दिने।

**सम्वत् २०७५ साल भाद्र ०९ गते शनिबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा कर्णाली प्रदेश सरकारका मन्त्रालयहरूको संगठन तथा ब्यवस्थापन सर्बेक्षण समिति गठन गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा संगठन संरचना र दरवन्दी तेरिज तथा कर्मचारी ब्यवस्थापन गर्ने।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा प्रदेश विपद् ब्यवस्थापन कोष सञ्चालन निर्देशिका, २०७५ लाई स्वीकृति प्रदान गर्ने।

४. उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहने संलग्न विवरण अनुसारका निर्देशनालय, कार्यालय र निकायहरु रहने स्थान तथा ती निकायहरुले प्रयोग गर्ने लेटरप्याड र छाप सम्वन्धमा स्वीकृती प्रदान गर्ने।

५. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश गरिबी निवारण समन्वय समिति (गठन तथा सञ्चालन) निर्देशिका, २०७५ स्वीकृत गर्ने।

६. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा प्रदेश खेलकुद विधेयक, २०७५ तर्जुमा गर्नको लागि सामाजिक विकास मन्त्रालयलाई सैद्धान्तिक सहमति प्रदान गर्ने।

७. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा प्रदेश शिक्षा विधेयक, २०७५ तर्जुमा गर्नको लागि सामाजिक विकास मन्त्रालयलाई सैद्धान्तिक सहमति प्रदान गर्ने।

८. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा प्रदेश स्वास्थ्य विधेयक, २०७५ तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने।

९. 16-22 November 2018 सम्म Training Centre, Chinese Academy of Governance द्वारा China मा सञ्चालन हुने "Seminar on Capability of Governance for Ministerial Officials of Nepal in 2018" विषयक अध्ययन/तालिम छात्रवृत्तिमा मुख्यमनत्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव श्री राम प्रसाद थपलियालाई मनोनयन गर्ने।

१०. Embassy of United stated of America, Nepal को 8 August 2018 को पत्रानुसार भियतनामको हनोइमा वि.स. २०७५ भाद्र २६ देखी २८ तदनुसार 11-13 September 2018 सम्म आयोजना गरीएको "Identifying Best Practices in Infrastructure Financing and Public Private Partnership" गोष्ठीमा उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिव श्री धिरेन्द्र कुमार प्रधानलाई मनोनयन गर्ने ।

११. मन्त्रिपरिषद्को मिति २०७५/०३/१६ गतेको बैठकबाट मन्त्रिपरिषद्का सदस्यज्यूहरूको आवासको ब्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य भौतिक पूर्वाधार बिकास मन्त्रालयले गर्ने।

१२. माननीय मुख्यमन्त्री तथा मन्त्रीहरूको साविक सेवा सुविधामा देहायबमोजिम सेवा सुविधा थप गर्ने ।

क) माननीय मुख्यमन्त्रीज्यूको स्वकीय सचिवालयमा रा.प. द्वितीय श्रेणी स्तरको प्रेश सल्लाहकार मिति २०७५ श्रावण महिनादेखि र रा.प.अनं.प्रथम श्रेणीको ना.सु/कम्प्यूटर अपरेटर एक र कार्यालय सहयोगी एकको सुविधा नियुक्ति भएको मितिदेखी थप गर्ने । साथै साविकको भैपरी खर्च सुविधामा २०७५ श्रावण महिनादेखि थप गरी मासिक पन्ध्रहजार रुपैया उपलब्ध गराउने ।

ख) माननीय मन्त्रीज्यूहरुको सचिवालयमा रा.प.अनं.प्रथम श्रेणीको ना.सु/कम्प्यूटर अपरेटर एक सुविधा नियुक्ति भएको मितिदेखी थप गर्ने । साथै साविकको भैपरी खर्च सुविधामा २०७५ श्रावण महिनादेखि थप गरी मासिक दशहजार रुपैया उपलब्ध गराउने ।

**सम्वत् २०७५ साल श्रावण २६ गते शनिबारका बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा अनसनरत डा. गोविन्द के.सी.को जीवन रक्षाको लागि हेलिकप्टरबाट काठमाडौ उद्धार गर्ने क्रममा मिति २०७५/०४/०३ गतेका दिन उक्त प्रतिष्ठानमा भएको घटनाको सम्बन्धमा छानविन गरी सत्यतथ्य पत्ता लगाई प्रतिवेदन पेश गर्न तपसिल बमोजिमका अधिकारी रहेको कार्यदल गठन गर्ने ।

<u>तपसिल :</u>

- सचिव (कानून)श्री कलानिधि पौड्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश सुर्खेत संयोजक
- उपसचिव श्री भक्तबहादुर कार्की, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश सुर्खेत सदस्य
- जनस्वास्थ्य प्रशासक श्री बृषबहादुर शाही, सामाजिक बिकास मन्त्रालय, कर्णाली प्रदेश सुर्खेत सदस्य

२. प्रदेश सरकारको दीर्घकालिन सञ्चालन र ब्यवस्थापनका लागि स्थायी रुपमा भौतिक पूर्वाधारहरु निर्माण गर्न उपयुक्त जग्गा खोजि गरी कार्य प्रारम्भ गरेको १५ दिन भित्र सिफारिस गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयलाई जिम्मेवारी दिने साथै प्रदेशका जिल्लाहरुमा खारेज हुने विषयगत कार्यालयहरुको संरचनाहरु र प्रदेश राजधानी वीरेन्द्रनगरमा रहेका क्षेत्रिय कार्यालयहरुका संरचनाहरु कर्णाली प्रदेश सरकारलाई उपलब्ध गराइदिन नेपाल सरकारलाई अनुरोध गर्ने।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा देश कानून नबनेका विषयमा त्यस्ता कानून नबनेसम्मका लागि संघीय कानून अनुसार कार्य सञ्चालन गर्ने।

४. डोल्पा जिल्लाको मुड्केचुला गाउँपालिकाको नाम र केन्द्रमा असहमत भइ भुगोल छानविन गरी केन्द्र कायम गर्न माग गरिएको निवेदन।

५. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा प्रमुख प्रतिपक्ष दलका नेतालाई उपलब्ध गराइएको सेवा सुविधामा हलुका सवारी चालकको सुविधा थप गर्ने।

**सम्वत् २०७५ साल श्रावण १० गते बिहिबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा प्रदेश लोक सेवा आयोग विधेयक, २०७५ को मस्यौदा तर्जुमा गर्ने।

२. सल्यान जिल्लाको छत्रेश्वरी गाँउपालिकाको केन्द्र विवाद-मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७५ लाई प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

४. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश सरकारले बैदेशिक ऋण, अनुदान, सहायता एवं अन्तर्राष्ट्रिय लगानी प्राप्त गर्ने सम्बन्धमा विकास साझेदारहरू, दातृ निकाय एवं बैदेशिक लगानीकर्ताहरूसंग वार्ता, संवाद र साझेदारी गर्नका लागि नेपाल सरकार तथा अर्थ मन्त्रालयलाई सहमतिको लागि अनुरोध गरी पठाउने।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेशमा नीजि क्षेत्रवाट लगानी हुने आयोजना/योजना, कार्यक्रम र उद्योगमा राज्यवाट संकलन हुने कर र राजश्वमा दश बर्षसम्म छुट दिने ब्यवस्था मिलाइदिन नेपाल सरकार तथा अर्थ मन्त्रालयलाई अनुरोध गरी पठाउने।

६. कर्णाली प्रदेशका तपसिलका गौरवका आयोजनाहरूको लागि सरकारको विशेष अनुदान, समपुरक अनुदान, आन्तरिक ऋण तथा बैदेशिक सहायता एवं लगानीको ब्यवस्थापनका लागि नेपाल सरकार तथा अर्थ मन्त्रालयलाई अनुरोध गरी पठाउने।

**तपसिलः**

१. कोहलपुरदेखि कर्णाली प्रदेश राजधानी सुर्खेतसम्म चार लेन सडक निर्माण आयोजना ।

२. प्रदेश राजधानी सुर्खेतदेखि उत्तरी नाका हिल्सासम्म प्रधानमन्त्री दुरत मार्ग निर्माण आयोजना ।

३. दाङ तुल्सीपुरदेखि सल्यान हुदै रुकुम मुसीकोटसम्म दुई लेन पक्की सडक निर्माण आयोजना ।

४. नाग्मा रारा पर्यटन सडक कालोपत्रे आयोजना ।
५. नलसिं गाड, फूकोट कर्णाली, बेतन कर्णालीजस्ता जल विद्युत आयोजना ।
६. सुर्खेतमा अन्तर्राष्ट्रिय मापदण्डको विमानस्थल निर्माण आयोजना ।
७. सुर्खेत बर्दिया सुरुङ मार्ग निर्माण आयोजना ।
८. कर्णाली, भेरी र बबई लिफ्ट सिचाई एवं खानेपानी योजना ।
९. जडीबुटी प्रशोधन केन्द्र स्थापना ।
१०. औषधि उद्योग स्थापना ।
११. सुर्खेत चौकुने तथा सल्यान कजेरी सिमेण्ट उद्योग संचालन ।
१२. खनिज तथा पेट्रोलियम पदार्थ उत्खनन तथा प्रशोधन ।
१३. कर्णाली पर्यटन सर्किट निर्माण योजना ।
१४. अर्गानिक कृषि व्यबसाय प्रबर्धन कार्यक्रम संचालन ।
१५. प्रादेशिक मेडिकल कलेज स्थापना ।
१६. प्राविधिक विश्वविद्यालय स्थापना ।
१७. एयर एम्बुलेन्स सेवा संचालन ।
१८. एकिकृति बस्ती विकास तथा नमूना गाउँ शहर कार्यक्रम ।
१९. प्रादेशिक प्रट्रोलियम भण्डारण केन्द्र स्थापना ।
२०. रुकुम मुसीकोट सल्यान खलङ्गा कालिमाटी कोहलपुर हुदै जमुनाहा नाका जोड्ने सडक आयोजना ।
२१. सुर्खेत, दैलेख, कालिकोट, जुम्ला हुँदै मुगु रारा सम्मको दुई लेन सडक आयोजना ।
२२. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको दोश्रो चरणको शैक्षिक कार्यक्रम संचालन ।

७. UN Environment and Asian Institution of Technology (AIR) द्वारा Bangkok, Thailand मा 9-13 July, 2018 सम्म सञ्चालन हुने "Green climate Fund (GCF) proposal Development" बिषयक बैदेशिक अध्ययन/तालिम/छात्रवृत्ति कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून सचिव (नेपाल न्याय सेवा, कानून समूह, रा.प.प्रथम श्रेणी) श्री कलानिधि पौड्याललाई मनोनयन गर्ने ।

## सम्वत् २०७५ साल साउन ०६ गते आइतबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा कर्णाली प्रदेश मन्त्रिपरिषद् लोगो स्वीकृत गर्ने।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश बाढी पहिरो समस्या समाधान समिति (गठन) आदेश, २०७५ को दफा ३ (च) बमोजिम जिल्ला सुर्खेत, साविक लगाम गा.वि.स. वडा नं. १ हाल चौकुने गाउँपालिका वडा नं. २ का श्री खड्क वि.क., जिल्ला जुम्ला, साविक महत गा.वि.स. वडा नं. ६ हाल चन्दननाथ नगरपालिका वडा नं. ७ का श्री ललित जङ्ग महत र जिल्ला सुर्खेत, साविक छिन्चु गा.वि.स. वडा नं. ८ हाल भेरीगंगा नगरपालिकाका श्री यज्ञ प्रसाद ढकाललाई एक बर्षको लागि सदस्य तोक्ने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा सार्वजनिक खरिद विधेयक, २०७५ को मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।*